# शैक्षिक मरुभूमिकरण बन्दै मधेश प्रदेश

शिक्षा खोक्रो भएर कुनै देश समृद्ध बनेको इतिहास छ? अहिलेको समयमा कुनै पनि देशका लागि मानवस्रोत सबैभन्दा महत्त्वपूर्ण छ। यसको महत्त्वपूर्ण आधार नै विद्यालय शिक्षा हो। विद्यालय शिक्षाले समुदाय र राज्यलाई प्रत्यक्ष र प्रभावकारी रूपमा जोड्न सक्छ। यही माध्यमबाट राज्यले परिकल्पना गरेको जस्तो सामाजिक रूपान्तरणका आधारहरू निर्माण गर्ने बीउ समाजमा सहजै पुग्न सक्छ। समाजलाई ऊर्जावान् बनाउनेदेखि लिएर स्थानीय स्रोतसाधन उपयोग गर्ने ज्ञानले अवसर र सम्भावना देखाउन सक्छन्। त्यसैले विद्यालय शिक्षाप्रति राज्यले संवेदनशीलता बढाउनु अति आवश्यक छ। तर अहिलेको अवस्थामा केही विद्यालयमा बाहेक मुलुकभर विद्यालय शिक्षाको अवस्था सन्तोषजनक छैन। त्यसमा पनि मधेशमा कहालीलाग्दो अवस्था छ। मधेशको शिक्षाप्रति राज्य नै उदासीन देखिन्छ।

शिक्षा समाजको प्रतिविम्ब हो। यसले उक्त समाजको अवस्था ऐनाझैं छर्लङ्ग पार्छ। कुनै समाज सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिकरूपले अगाडि जानुमा मुख्यतः शिक्षाले भूमिका निर्वाह गरेको हुन्छ। शिक्षाबिना कुनै पनि सभ्य समाजको पकिल्पना गर्न सकिँदैन। कुनै समय शिक्षाको आधारस्थल भनेर चिनिने मधेस अहिले शैक्षिक मरुभूमीकरणको संघारमा छ।

मधेश प्रदेशका विद्यालय शिक्षा तथा उच्च शिक्षा दयनीय अवश्थामा रहेको सर्वविदितै छ । नेपालको समग्र साक्षारता दर ७६.२ प्रतिशत हुँदा मधेशको ५४.७ प्रतिशत मात्र छ । शिक्षा समेतको इन्डिकेटर मानिने मानव सूचकांक पनि धेरै न्यून ०।५१९ मात्र छ । ७७ जिल्ला मध्ये कम साक्षरता दर भएका ५ जिल्ला मध्ये ४ जिल्ला रौतहट५७,बारा,महोत्तरी५९ र सर्लाही६० मधेश प्रदेशमै छन् । विद्यालय बाहिर रहेका वालवालिकाको प्रतिशत बारामा ८.४,पर्सामा ११.२,महोत्तरीमा ९.२,रौतहटमा १२.९,सर्लाहीमा ७,सिराहामा ५.६र धनुषामा ३.९ रहेको छ ।

शिक्षाको उज्यालोको ज्योतिको रुपमा चिनिएका मधेश प्रदेश अहिले शिक्षामा नै सवभन्दा पछाडि परेको छ । कुनै समयमा मधेशका शिक्षकले हिमाल तथा पहाडसम्म पुग्दै शैक्षिक स्तर उकास्ने गरेका योगदान छ । आज मधेशमा नै शिक्षकको अभाव भएको छ ।

शिक्षाको पहुँचको दृष्टिले मात्र होइन, गुणस्तरको दृष्टिले समेत मधेश प्रदेश कमजोर देखिन्छ । परीक्षा नियन्त्रण कार्यालयले प्रकाशन गरेको विभिन्न सालको नतिजालाई प्रदेश अनुसार तुलना गर्दा माथिल्लो ग्रेड तथा राम्रो नतिजा ल्याउने अन्य प्रदेशका भन्दा मधेश प्रदेशमा कम र तल्लो तथा सी र डी ग्रेड ल्याउने धेरै देखिन्छन् । यो मात्र होइन शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गत वर्ष लिएको कक्षा आठका विद्यार्थीको विज्ञान, गणित र नेपालीको उपलब्धि परीक्षामा पनि मधेसका विद्यार्थीको उपलब्धि पहाडी क्षेत्र र हिमाली क्षेत्रका विद्यार्थीको भन्दा कमजोर देखिएको छ । यसबाट मधेश प्रदेशका बालबालिकाले पाएको विद्यालय शिक्षा पनि अन्य प्रदेशको भन्दा कम गुणस्तरीय छ भन्ने प्रस्ट छ ।

मधेश प्रदेशमा भएको कमजोर शैक्षिक अवस्था सुधार गर्न विगतमा जस्तो राज्यबाट आउने स्रोतहरूमा मधेसलाई गरिएको अन्यायको अब अन्त्य हुनुपर्छ । एकातर्फ संघीय सरकारको ध्यान जानुपर्ने र थप स्रोत-साधनको व्यवस्था गरिनुपर्ने आवश्यक छ भने प्रदेश सरकार र स्थानीय सरकारहरू सुधारका लागि अभियान नै सञ्चालन गरी लाग्नुपर्छ ।

मधेश प्रदेशका १३६ पालिका मध्ये एउटा पनि स्थानीय तह साक्षर घोषणा भएका छैनन् । मधेश प्रदेशको सामाजिक विकास मन्त्रालयले साक्षरता सम्बन्धी कुनै कार्यक्रम नै बनाएको छैन । विकास निर्माण मै धेरै बजेट छुट्टिने तथा साक्षरतालाई प्रदेश सरकारले प्राथमिकतामा राखेको छैन । प्रदेश सरकारलाई प्रदेशको साक्षरता दर,कुन जिल्ला र स्थानीय तहमा कति प्रतिशत नागरिक साक्षर भए तथ्याँक छैन । साक्षर बनाउन कुनै योजना नै छैन ।

एक प्रतिभाशाली विषयविज्ञ व्यक्ति शिक्षक सेवा आयोगमा नाम निकालेर जब सामुदायिक विद्यालयमा पुग्छन्, उनको क्षमताको भरपूर उपयोग गर्न सम्बन्धित विद्यालयले गर्न सक्नु पर्छ । यो विषयमा मधेश प्रदेशले सोच्नु पर्छ । शिक्षाको गुणस्तरका लागि शिक्षकलाई मात्रै दोष दिन मिल्छ? तिनको क्षमता बढाउने, सिक्ने वातावरण बनाउने र उत्साह थप्ने जिम्मा मधेश प्रदेशको सरकारले लिनुपर्छ । शिक्षकहरूलाई सम्मानका साथ विद्यालयमा बस्ने र खुसीसहित ज्ञानको ऊर्जा लिएर कक्षाकोठामा जाने वातावरण बनाउनु पर्छ । त्यसको असर कुनै एउटा विद्यार्थीलाई मात्रै होइन, समग्र देशलाई नै पर्छ। शिक्षकलाई जवाफदेह बनाउन, पेसाप्रति लगाव बढाउन मधेश प्रदेश सरकार तथा सम्पूर्ण सरोकारवालाको भूमिका महत्त्वपूर्ण हुन्छ।

विद्यालय शिक्षाप्रति मधेश प्रदेश सरकारको उदासीनता र निरीहताले समाजलाई सक्षम पुस्ता दिन सक्दैन । मधेशले असल नागरिक पाउन सक्दैन। त्यसैले यसप्रति विशेष संवेदनशील हुन आवश्यक छ। त्यसमाथि मधेशको विद्यालय शिक्षालाई केन्द्रमा राख्न जरुरी छ ।

कृषिप्रधान देश नेपालमा हामी भारतको पन्जाब र हरियाणाको चामल गहुँ खान्छौं। जलस्रोतको धनी देश नेपालमा खाने पानी र बिजुलीको अभाव खेप्न बाध्य छौं। खानेपानीका लागि घन्टौं लाइन बस्छौं। घन्टौंसम्म लोडसेडिङ्गको सामना गर्छौंँ। वन, जंगल, र जडीबुटीको धनी देश नेपालमा हामी पतञ्जलीको औषधि खान बाध्य छौं। तसर्थ, हामीलाई चाहिएको जो छ, त्यहीँ उत्पादनमा जोड दिनुपर्छ। अर्थात आवश्यकतामुखी र व्यावहारिक शिक्षा हाम्रो वर्तमान आवश्यकता हो। कृषि विश्वविद्यालय, वाटर मैनेजमेन्ट युनिभर्सिटी, हर्वल युनिभर्सिटी, वन विश्वविद्यालय, टुरिज्म स्टडी सेन्टरलगायत मातृभाषा उत्थान प्रवद्र्धनका निम्ति भाषा विश्वविद्यालय स्थापना गर्नु श्रेष्यकर हुनेछ।

अन्त्यमा, मधेस प्रदेशलाई शैक्षिकरूपले माथि उकास्न मधेसको दुई बहुसंख्यक समुदाय १८ प्रतिशत दलित र १२ प्रतिशत मुस्लिमको शैक्षिक अवस्था उकास्न अति नै आवश्यक छ। हालसम्म यी दुई समुदायको शैक्षिक संस्थाको ढोकासम्म राम्रो पहुँच भएको छैन।